आज मिति २०७६ साल माघ २८ गते मङ्गलबार यस सत्यवति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा तपशीलको उपस्थितिमा बसी विभिन्न निर्णय पारित गरियो ।

<u>उपस्थिति</u>

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | श्री पारिश्वर ढकाल | |
| उपाध्यक्ष | श्री सुवर्ण शेरचन शाही | |
| सदस्य | श्री भीमलाल पाण्डेय | |
| सदस्य | श्री दधिराम कुँवर क्षेत्री | |
| सदस्य | श्री रुकबहादुर राना मगर | |
| सदस्य | श्री दानबहादुर राना | |
| सदस्य | श्री ओमप्रकाश भण्डारी | |
| सदस्य | श्री विष्णुप्रसाद भण्डारी | |
| सदस्य | श्री लोक बहादुर बुढाथोकी | |
| सदस्य | श्री सन्तकुमार थापा | |
| सदस्य | श्री मनमाया थापा | |
| सदस्य | श्री नरमाया थापा | |
| सदस्य | श्री मिना दमाई | |
| सदस्य | श्री तेजकुमारी थापा | |
| सदस्य | श्री होमबहादुर भुजेल | |
| सदस्य | श्री हरिप्रसाद बि.क. | |
| सचिव | ...ा यादव भण्डारी | |

**बैठक संख्याः१६ ख/२०७६-७७** **मितिः २०७६/१०/२८**

**प्रस्ताव नं.१ः गाउँपालिकाको लागि जग्गा प्राप्ति गर्ने सम्बन्धमा।**

**निर्णय नं.१ः** प्रस्ताव नं.१ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको प्रशासनिक भवन निर्माण बनाउने प्रयोजनका लागि सत्यवती गाउँपालिका वडा नं.६ खानेपानी समितिको नाममा रहेको सत्यवती गाउँपालिका वडा नं.६ स्थित कित्ता नं.४११ बाट जम्मा ६-०-०-० क्षेत्रफल जग्गा गाउँपालिकाको नाममा ल्याउने र समितिको नाममा अक्षयकोष खडा गरी उक्त रकम राखिदिने र उक्त कार्य गर्न सम्मभ नभएमा समितिसँग ९९ वर्षको लिजमा लिई कार्य गर्ने भन्ने गरी समिति र गाउँपालिकाका पदाधिकारीबीच मिति २०७६/०२/२४ गते भएको लिखित सहमति अनुसार गाउँपालिकाको नाममा जग्गा प्राप्ति गर्न र समितिको नाममा अक्षय कोष खडा गर्ने कार्यमा बिलम्ब भइरहेको अवस्थामा समिति र गाउँपालिका पक्षबीच भएको उक्त सहमतिले कानूनी जटिलता समेत ल्याउन सक्ने देखिएको हुँदा उक्त सम्झौतालाई भङ्ग गर्ने निर्णय गरियो। साथै अब उक्त समितिलाई निशुल्क जग्गा उपलब्ध गराउनका लागि अनुरोध गर्ने, र उक्तजग्गा निशुल्क रुपले समितिले दिने प्रतिवद्धता गरी जग्गा पास गरिदिएमा उक्त समितिलाई सम्मान स्वरुप चार जना व्यक्तिको नाममा एन.सी.सी.बैंकमा खाता खोली राखिएको चालीस लाख बराबरको रकमको उक्त समितिको नाममा अक्षय कोष खडा गर्ने र उक्त मूल कोष समितिले मास्न नपाउने र ब्याज स्वरुप आउने आम्दानीलाई मात्र समितिले खानेपानी व्यवस्थापन लगायतका कार्यमा प्रयोग गर्न मिल्ने गरी व्यवस्था मिलाउने अन्यथा उक्त रकम गाउँपालिकाको संचित कोषमा फिर्ता गर्ने निर्णय गरियो।